सिदिङवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्या मितिः २०८२/०३/०९

**भाग-२**

सिदिङवा गाउँपालिका

## सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने कार्यविधि, २०८२

आज्ञाले,

तिवेन्द्र अधिकारी

प्रमुख प्रमुख प्रशासकीय अधिकृत

# सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने कार्यविधि, २०८२

**प्रमाणीकरण मिति :**

**प्रस्तावना :-** नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानको भाग ३ ( मौलिक हक र कर्तव्य) को धारा ३२ (भाषा तथा संस्कृतिको हक) को उपधारा (३) मा व्यवस्था भएको,

सामुदायिक विद्यालय मार्फत सिदिङ्वा गाउँपालिका क्षेत्रभित्रको लिम्बु समुदायको भाषा र लिपी संरक्षण गर्ने हेतु सिदिङ्वा गाउँपालिकाको गाउँ सभा अधिवेशनले विगत आर्थिक वर्षदेखी नै वार्षिक बजेट मार्फत कार्यक्रम बाँडफाँड गर्दै आएकोमा उक्त कार्यक्रम कार्यान्वयनमा एकरुपता, मितव्ययिता र पारदर्शिता समेत ल्याउने उद्देश्यले सिदिङ्वा गाउँ कार्यपालिकाले यो कार्यविधिको तर्जुमा गरी लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यो कार्यविधिको नाम **"सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी (आनिपान) संरक्षण गर्ने कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि सिदिङ्वा राजपत्रमा प्रकाशन भएपछि सिदिङ्वा गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **<u>परिभाषा र व्याख्या</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"कार्यपालिका"** भन्नाले सिदिङ्वा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सिदिङ्वा गाउँ कार्यपालिकाको कार्यालय, साव्लाखुलाई सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले "सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी संरक्षण गर्ने कार्यविधि, २०८२" लाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिका क्षेत्रभित्रको लिम्बु समुदायको भाषा र लिपी संरक्षण गर्ने हेतु गाउँ सभा अधिवेशनले रकम बाँडफाँड सहित विनियोजन गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले सिदिङ्वा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनु पर्छ ।

(च) "छनोट समिति" भन्नाले यसै कार्यविधिको नियम ४ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(छ) "भाषा शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्ययन गर्ने इच्छुक विद्यार्थीहरुलाई लिम्बु भाषा र लिपी अध्यापन गराउने गरी यसै कार्यविधिको नियम ४ बमोजिमको समितिले छनोट गरेको भाषा शिक्षकलाई सम्झनु पर्छ ।

(ज) “वडा समिति” भन्नाले सिदिङ्वा गाउँपालिका क्षेत्रभित्रको वडा समितिलाई सम्झनु पर्छ ।

(झ) “सामुदायिक विद्यालय” भन्नाले लिम्बु भाषा र लिपी अध्यापन गराउने प्रयोजनार्थ सम्बन्धित वडा समितिले छनोट गरेको वडाभित्रको कुनै पनि सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

**३. सामुदायिक विद्यालयको छनोट गर्नुपर्ने :** (१) गाउँ सभा अधिवेशनले लिम्बु भाषा र लिपी संरक्षण गर्ने हेतु विनियोजन गरेको कार्यक्रम कार्यान्वयन गर्न वडा समितिले स्वीकृत वार्षिक बजेट समेतलाई मध्यनजर गरी आफ्नो वडाभित्रको कुनै एक वा सोभन्दा बढी सामुदायिक विद्यालयको छनोट गर्नु पर्नेछ ।

(२) वडा समितिले उपनियम (१) बमोजिम छनोट गरिएको विद्यालयको विवरण सम्बन्धित विद्यालय र कार्यालयमा तीन दिनभित्र पठाउनु पर्नेछ ।

**४. भाषा शिक्षक छनोट समितिको गठन, काम, कर्तव्य र अधिकार :** (१) लिम्बु भाषा र लिपी संरक्षण गर्ने हेतु उपनियम (३) बमोजिम छनोट गरिएको विद्यालयमा लिम्बु भाषा र लिपी अध्यापन गराउने प्रयोजनार्थ प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक भाषा शिक्षक छनोट समिति रहनेछ :

(क) वडाध्यक्षले तोकेको सकभर लिम्बु समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधी एकजना -संयोजक

(ख) सम्बन्धित सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(ग) लिम्बु समुदायबाट प्रतिनिधित्व गर्ने सम्बन्धित वडाध्यक्षले तोकेको दुईजना -सदस्य

(घ) सम्बन्धित सामुदायिक विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको भाषा शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) भाषा शिक्षक छनोटका लागि कम्तीमा सात दिनको म्याद दिई दरखास्त आव्हान गर्ने ।

(ख) खण्ड (क) बमोजिमको दरखास्त साथ पेश हुन आउने आवेदकहरु मध्येबाट लिम्बु भाषा र लिपीको ज्ञान भएका उपयुक्त उम्मेद्वार अन्तर्वार्ता मार्फत छनोट गर्ने ।

(ग) छनोट भएको भाषा शिक्षकले अध्यापन गराउने लिम्बु भाषा र लिपीको निरन्तर अनुगमन तथा मूल्यांकन गरी प्रत्येक चौमासिकमा भाषा शिक्षकले पाउने सेवा सुविधा निकासाका लागि सम्बन्धित विद्यालय मार्फत कार्यालयमा सिफारिश गर्ने ।

(घ) यो कार्यविधि लागू हुनुभन्दा अघि नै भाषा शिक्षकको रुपमा कार्यरत व्यक्तिहरु योग्य भए नभएको विषयमा उपयुक्तताको परीक्षण गरी सेवा सुविधा प्राप्तिका लागि विद्यालय र कार्यालयमा सिफारिस गर्ने ।

**५. भाषा शिक्षकको योग्यता :** यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयमा लिम्बु भाषा र लिपीको अध्यापन गराउने भाषा शिक्षकको योग्यता देहाय बमोजिम हुनेछ :

(क) अठार वर्ष उमेर पूरा भएको लिम्बु समुदायको व्यक्ति,

(ख) प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी लिम्बु भाषा र लिपीको आधारभूत ज्ञान भएको,

(ग) सिदिङ्वा गाउँपालिका क्षेत्रभित्रको स्थायी वासिन्दा भएको,

(घ) कुनै नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

**६. <u>भाषा शिक्षकले अध्यापन गराउनु पर्ने अवधि</u> :** (१) भाषा शिक्षकले विद्यालय लाग्ने दिनमा कम्तीमा पैंतालीस मिनेट अवधिको दैनिक कम्तीमा एक कक्षा लिम्बु भाषा र लिपीको अध्यापन गराउनु पर्नेछ ।

(२) भाषा शिक्षकलाई उपनियम (१) बमोजिम लिम्बु भाषा र लिपीको अध्यापन गराउने समय तालिका सम्बन्धित विद्यालयले मिलाउनु पर्नेछ ।

**७. <u>भाषा शिक्षकले पाउने सेवा सुविधा</u> :** यस कार्यविधि बमोजिम छनोट भएको भाषा शिक्षकलाई वार्षिक रु १ लाखसम्म सेवा सुविधा उपलब्ध गराइने छ । बजेटमा व्यवस्था भए बमोजिम ।

**८. <u>भाषा शिक्षकले पाउने सेवा सुविधाको रकम अनुदान स्वरुप निकासा गरिने</u> :** (१) कार्यालयले नियम (७) बमोजिमको सेवा सुविधाको रकम लिम्बु भाषा र लिपी संरक्षण अनुदान स्वरुप सम्बन्धित सामुदायिक विद्यालयको खातामा सोझै जम्मा हुने गरी निकासा गर्नेछ ।

(२) सामुदायिक विद्यालयले भाषा शिक्षकले अध्यापन गराएको कक्षा अवधिको गणना गरी उपनियम (१) बमोजिमको सेवा सुविधाको रकम सम्बन्धित भाषा शिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

**९. <u>अनुदान रकमको लेखापरीक्षण सम्बन्धी व्यवस्था</u> :** लिम्बु भाषा र लिपी संरक्षण अनुदान स्वरुप नियम (८) बमोजिम प्राप्त रकमको आन्तरिक तथा अन्तिम लेखा परीक्षण सम्बन्धित सामुदायिक विद्यालय स्वयम्ले गराउनु पर्नेछ ।

**१०. <u>वडा समितिले वार्षिक बजेट तयारीका वखत प्रस्ताव तयार गरी कार्यालयमा पेश गर्नु पर्ने</u> :** आफ्नो वडाभित्रका सामुदायिक विद्यालय मार्फत लिम्बु भाषा र लिपी संरक्षण गराउने प्रयोजनार्थ सम्बन्धित वडा समितिले प्रत्येक वर्षको वार्षिक बजेट तयारीका वखत लिम्बु भाषा र लिपी संरक्षण अनुदान शीर्षकमा आवश्यक बजेट विनियोजनको लागि कार्यालयमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

**११. <u>बाधा अड्काउ फुकाउन सकिने</u> :** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै दुविधा वा वाधा अड्चन आइपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो द्विविधा वा वाधा अड्चन फुकाउन सक्नेछ ।